# स्थानीय तहहरुमा संघीय सशर्त अनुदानका रुपमा हस्तान्तरण भएका कार्यक्रम तथा बजेट कार्यान्वयनको समिक्षा प्रतिवेदन, २०७९/८०


**प्रतिवेदक**

सन्तोष पौडेल, कृषि अर्थ विज्ञ

संयम पण्डित, कृषि प्रसार अधिकृत

**पृष्ठभूमि:** नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम राज्यको पुनःसंरचना संगै वि.सं. २०७५ श्रावण देखि साविक फलफूल विकास निर्देशनालयबाट सम्पादन गरिने कार्यहरु गर्नको लागि संघीय कार्यालयका रुपमा राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरको स्थापना भएको र त्यस अन्तर्गत पाँचवटा फार्म केन्द्रहरु (१. उष्णप्रदेशीय बागवानी केन्द्र नवलपुर, सर्लाही २. समशितोष्ण बागवानी केन्द्र, कीर्तिपुर, काठमाडौं ३. सुन्तलाजात फलफूल विकास केन्द्र, तानसेन, पाल्पा ४. कफी विकास केन्द्र, आँपचौर, गुल्मी ५. शितोष्ण बागवानी विकास केन्द्र, मार्फा, मुस्ताङ्ग) रहेका छन् । राष्ट्रिय फलफूल विकास केन्द्रले राष्ट्रिय महत्व र प्राथमिकतामा रहेका फलफूल बालीहरुको विकास र क्षेत्र विस्तारका लागि यी फार्म केन्द्रहरु बाहेक सम्भाव्य स्थानीय तहहरुमा पनि संघीय सशर्त अनुदानका रुपमा बजेट तथा कार्यक्रम पठाउँदै आएको छ। विगत २०७५/७६ बाट हालसम्म अधिकांश स्थानीय तहहहरुमा फलफूल विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्।

देश संघीयतामा प्रवेश गरेसंगै कृषि सम्बन्धि कार्यक्रमहरु पनि संघ प्रदेश र स्थानीय तह गरी तिन तहका सरकारहरुमार्फत सञ्चालन भएका छन्। विशेषगरी संघीय निकायको रुपमा रहेको राष्ट्रिय फलफूल विकास केन्द्रले फलफूल सम्बन्धी नीतिगत विषयमा र प्रदेश तथा स्थानिय तहहरुले फलफूलको क्षेत्र विस्तार र प्रविधि अवलम्बनमा कार्य गरिरहेका छन्। तर कृषि कार्यक्रमहरुको कार्यान्वयनमा समन्वय र सहकार्य निकै कम मात्रामा भएको छ। तिन तहका सरकारहरुको योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन र समिक्षाका सवालमा यी पाँच बर्षमा उल्लेख्य काम हुन सकेको देखिन्न। यसै सन्दर्भमा राष्ट्रिय फलफूल विकास केन्द्रमार्फत स्थानीय तहहरुमा पठाइएका बजेट तथा कार्यक्रमहरुको नियमित रिपोर्टिङ्गमा समेत कठिनाई महशुस भएको छ। यद्यपी चालु आ.व. २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रममा फलफूल विकास सम्बन्धी प्रदेश र स्थानीय तहहरुमा वित्तिय हस्तान्तरण भएका कार्यक्रमहरुको समिक्षात्मक अध्ययनका लागि बजेट विनियोजन भएतापनि पछि बजेट कटौति भएको छ।

**उद्देश्य:** राष्ट्रिय फलफूल विकास केन्द्रको विभिन्न उद्देश्यहरु मध्य स्थानीय तहमा फलफूल सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुका साथै सो को उपलब्धी मापन गर्नु पनि रहेको छ। संघीय निकायको रुपमा प्रदेश र स्थानीय तहहरुसंग समन्वय र सहकार्य गर्दै फलफूल विकासको क्षेत्रमा टेवा पुर्याउनु पनि यस केन्द्रको उद्देश्य रहेको छ। यस बाहेक विशेषगरी यस अध्ययन कार्यक्रमको उद्देश्य निम्नानुसार रहेको छ।

- बजेट तथा कार्यक्रम कार्यान्वयनको यथार्थ अवस्था यकिन गर्नु।
- विनियोजित बजेट तथा कार्यक्रमको प्रतिफल र उपलब्धीको अभिलेख राख्नु।
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुको बारेमा जानकारी राखि समाधानार्थ पहल गर्नु।
- आगामी आ.व. हरुमा सशर्त अनुदानका कार्यक्रमहरुको योजना तर्जुमाको आधार तयार गर्नु।
- स्थानीय तह र प्रदेशहरुसंग नियमित सम्पर्क स्थापित गरी आइपरेका समस्याहरुका बारेमा जानकारी राख्नु।


**अध्ययन कार्यविधि:** संघीय सशर्त अनुदानका रुपमा स्थानीय तहहरुमा पठाइएका कार्यक्रमहरुलाई आर्थिक वर्ष अनुसार छुट्याइ ति कार्यक्रमहरुको समिक्षा गर्ने उद्देश्यले अध्ययन गरिएको छ। यसरी आर्थिक वर्ष २०७७/७८, ७८/७९ र ७९/८० गरि विगत ३ आर्थिक वर्षमा स्थानीय तहहरुमा सञ्चलन भएका कार्यक्रमहरुलाई आधार मानि कार्यक्रमको प्रकृति अनुसार प्रश्नावली तयार गरिएको थियो। यस अध्ययनको लागि प्रत्यक वर्ष कार्यक्रम पठाइएका स्थानीय तहहरु सबैमा

प्रश्नावली सोधिएको थियो। यसरी प्रश्नावली सोध्ने क्रममा केही स्थानीय तहहरुमा प्रत्यक्ष पुगेर र केहीमा भर्चुअल माध्यमबाट गुगल फर्म प्रयोग गरीएको छ।

आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा यस केन्द्र मार्फत क्रमश ५०३ र २५९ स्थानीय तहहरुमा कार्यक्रम पठाइएकोमा जम्मा ७ स्थानीय तहहरुबाट मात्र प्रतिक्रिया प्राप्त भएको छ। त्यसैकारण सो अवधिको कार्यक्रम कार्यान्वयनको समिक्षा सम्भव भएन र यहाँ प्रस्तुत गरिएको छैन। सो अवधिको कार्यक्रम कार्यान्वयन गर्ने कर्मचारीहरुलाई सम्पर्क गर्दा अधिकांशलाई सो कार्यक्रम सञ्चालन गरे/नगरेको याद नभएको, अधिकांशको सरुवा भएको र सेवा छोडेको भन्ने जानकारी अध्ययनको क्रममा पाइयो। सोही अनुसार चालु आर्थिक वर्ष २०७९/८० मा १११ स्थानीय तहहरुमा कार्यक्रम कार्यान्वयनका लागि पठाइएकोमा ८७ वटा जिल्लाबाट प्राप्त भएको हो।

## आ.व. २०७९/८० मा सञ्चालित कार्यक्रमहरुको अवस्था

### क. समग्रमा कार्यक्रम सञ्चलानको अवस्था :




कार्यक्रम सञ्चालन नहुनुका कारणहरु:


- ओखर खेति विस्तार कार्यक्रम रहेकोमा आवश्यक मात्रामा गुणस्तरीय विरूवा उपलब्ध हुने स्रोत शुनिश्चित नहुँदा र विरूवा स्वस्थताको प्रमाणित नरहेको । अघिल्लो आ.व मा जुम्लाबाट ल्याई वितरण गरिएका विरूवा सफल भएको छैन । त्यसैले सो कार्यक्रम संचालन नभएको हो।

- जनशक्तिको अभाव
- विविध आन्तरिक कारणहरुले गर्दा हुन नसकेको ।
- सिलकोटेसनमा गएकोले विरूवा खरिद गर्न नसकेको।
- मौसम प्रतिकुलता
- बजेट रोक्काले गर्दा अन्योल भएकोले
- कार्यक्रमबारे प्राविधिक कर्मचारिलाई जानकारी नभएको
- ३ पटक सम्म सुचना गर्दा पनि कुनै आबेदन नपरेको ।

## ख. मुख्य कार्यक्रमहरुको कार्यान्वयन

### १. फलफूल दशक कार्यक्रम

### १.१ कार्यक्रम सञ्चालन भएको स्थान




### १.२ फलफूल दशक कार्यक्रम अन्तर्गत लगाइएको बाली


| फलफूल बाली | Ranking for निजी जग्गा | Ranking for सार्वजनिक जग्गा |
|---|---|---|
| कागती | 1 | 1 |
| सुन्तला | 2 | 3 |
| ओखर | 3 | 2 |
| आँप | 4 | 4 |
| लिचि | 4 | 4 |
| केरा | 5 | 6 |
| एभोकाडो | 6 | - |
| स्याउ | 6 | 5 |


## १.३ फलफूल दशक कार्यक्रमको उपलब्धी

| विवरण | निजी जग्गामा | | |
|---|---|---|---|
| | कुल | औषत/पालिका | कैफियत |
| क्षेत्रफल | ४०४.५ हेक्टर | १५.५ | |
| विरुवा संख्या | १५२९०० | ५८८० | |
| खुद्रा वितरण (३० बोट भन्दा कम) | २९७४४ | १६५२ | |
| ३० बोट भन्दा बढि वितरण भएको किसान संख्या ( बगैचा संख्या) | ९५६ | ३७ | |
| मोर्टालिटी % मा | - | - | ५-२०% |
| | | | |

| विवरण | सार्वजनिक जग्गामा | | |
|---|---|---|---|
| | कुल | औषत/पालिका | कैफियत |
| क्षेत्रफल | १९३.६ हेक्टर | ६.४ | |
| विरुवा संख्या | ८४७३८ | २८२४ | |
| मोर्टालिटी % मा | - | - | ५-३५ % |
| | | | |

## १.४ पाँच रोपनी भन्दा माथि फलफूल रोप्ने किसानलाई स्थानिय तह बाट बगैचाँ व्यवस्थापन खर्च उपलब्ध गराइएको/नगाराइएको



## २. व्यवसायिक फलफूल खेती कार्यक्रम

स्याउका ८ वटा स्थानीय तह, ओखरका १४ वटा स्थानीय तह र कागतीका ३५ वटा स्थानीय तहमा व्यवसायिक फलफूल खेती कार्यक्रम पठाइएकोमा ४०% पालिकामा कार्यक्रम सञ्चालन भएको छैन।


## २.१ व्यवसायिक फलफूल खेती कार्यक्रमको उपलब्धी

| | कागती | | |
|---|---|---|---|
| | कुल | औषत/पालिका | कैफियत |
| क्षेत्रफल | १०६.५ हेक्टर | ६.२५ | |
| विरुवा संख्या | ६३२४० | ३७२० | |
| खुद्रा वितरण (३० बोट भन्दा कम) | १७९६७ | १०५६ | |
| ३० बोट भन्दा बढि वितरण भएको किसान संख्या ( बगैचा संख्या) | ३६६ | २२ | |
| मोर्टलिटी % मा | - | - | ५-२०% |
| | | | |

| | ओखर | | |
|---|---|---|---|
| | कुल | औषत/पालिका | कैफियत |
| क्षेत्रफल | ७४.७५ हेक्टर | ९.३४ | |
| विरुवा संख्या | १७३८० | २१७२ | |
| खुद्रा वितरण (३० बोट भन्दा कम) | ४६१० | ५७६ | |
| ३० बोट भन्दा बढि वितरण भएको किसान संख्या ( बगैचा संख्या) | १६६ | २१ | |
| मोर्टलिटी % मा | - | - | २०-२५ % |
| | | | |

| | स्याउ | | |
|---|---|---|---|
| | कुल | औषत/पालिका | कैफियत |
| क्षेत्रफल | ४४.५ हेक्टर | १४.८ | |
| विरुवा संख्या | १६८०० | ५६०० | |
| खुद्रा वितरण (३० बोट भन्दा कम) | ६२५० | २०८३ | |
| ३० बोट भन्दा बढि वितरण भएको किसान संख्या ( बगैचा संख्या) | २०४ | ६८ | |
| मोर्टलिटी % मा | - | - | २०-२५ % |
| | | | |

## २.२ पाँच रोपनी भन्दा माथि फलफूल रोप्ने किसानलाई स्थानिय तह बाट बगैचाँ व्यवस्थापन खर्च उपलब्ध गराइएको/नगाराइएको




## २.३ अन्य सञ्चालित क्रियाकलापहरुको विवरण

फलफुल नर्सरीका लागी ग्रीन नेट,टनेल,स्प्रे, तथा अन्य सामाग्री वितरण

साना सिचाई निर्माण

कृषि यन्त्र खरिद किविमा Stacking

स्थलगत तालिम, सिकेचर तथा Budding Knife वितरण

बगैचा गेराबार, कृषि औजार उपकरण तथा विषादी खरिद

सरकारी विघालय संख्या ३ श्री गैया लक्ष्मी प्रा.वि.,श्री सिंहकाली मा.वी.र श्री ग्रामीन जनता मा.वी.९८४२११२८७१ गरी जम्मा ३०८विरुवा वितरण गरियो ।

Transportation

नर्सरी स्थापना ( एक वटा)

प्लाष्टिक टनेल घर निर्णमा

उच्च घनत्व स्याउ बिरूवा वितरण गरिएको

हाड़ेओखर फटाएर तेलपिस्ने र सूर्यमुखीतेल पिस्ने मेसिन खरिद

रोग किरा नियन्त्रण

## ग. बजेट विनियोजन र खर्च

**१. फलफूल दशक विरुवा रोपण कार्यक्रम** : फलफूल दशक विरुवा रोपण कार्यक्रम ४७ वटा स्थानीय तहमा पठाइएकोमा ३५ वटा बाट रिपोर्टिङ् भएको जसमध्य ४ वटा स्थानीय तहमा कार्यक्रम सञ्चालन हुन नसकेको पाइयो।

कुल विनियोजित रकम रु.: २७५०००००

कुल खर्च रकम रु. १४३७९०००

खर्च प्रतिशत : ५२.२८ %

प्रति पालिका हाल भएको खर्चको अनुपातमा हुनसक्ने कुल अनुमानित खर्च प्रतिशत : ६९.०२ %

**२. व्यवसायिक फलफूल विकास कार्यक्रम:** व्यवसायिक फलफूल विकास कार्यक्रम अन्तर्गत कागती, स्याउ र ओखर खेतीका लागि क्रमश ३५, ८ र १४ वटा स्थानीय तहहरुमा कार्यक्रम पठाइएकोमा क्रमश २६, ६ र १३ वटा स्थानीय तहहरुबाट रिपोर्टिङ् भएको जसमध्य ४, २ र ४ गरी जम्मा १० वटा स्थानीय तहमा कार्यक्रम सञ्चालन हुन नसकेको पाइयो।

**२.१ कागती:**

कुल विनियोजित रकम रु.: ३८४७००००

कुल खर्च रकम रु. १९७६४०००

खर्च प्रतिशत : ५१.३७ %

प्रति पालिका हाल भएको खर्चको अनुपातमा हुनसक्ने कुल अनुमानित खर्च प्रतिशत : ६९.०२ %

**२.२ ओखर**

कुल विनियोजित रकम रु.: २१२९००००

कुल खर्च रकम रु. १२८६९०००

खर्च प्रतिशत : ६०.४४ %

प्रति पालिका हाल भएको खर्चको अनुपातमा हुनसक्ने कुल अनुमानित खर्च प्रतिशत : ६६.४८ %


## २.३ स्याउ

कुल विनियोजित रकम रु.: १३१६०००००

कुल खर्च रकम रु. ६१७२०००

खर्च प्रतिशत : ४६.८९ %

प्रति पालिका हाल भएको खर्चको अनुपातमा हुनसक्ने कुल अनुमानित खर्च प्रतिशत : ६९.६९ %




| | विनियोजन रु.लाखमा | खर्च रु. लाखमा | रिपोर्टेड खर्च प्रतिशत | अनुमानित खर्च प्रतिशत |
|---|---|---|---|---|
| फलफूल दशक | २७५.०० | १४३.७९ | ५२.२८ | ६९.०२ |
| कागती | ३८४.७० | १९७.६४ | ५१.३७ | ६९.०२ |
| ओखर | २१२.९० | १२८.६९ | ६०.४४ | ६६.४८ |
| स्याउ | १३१.६० | ६१.७२ | ४६.८९ | ६९.६९ |
| कुल | १०९४.४० | ५३१.८४ | ४८.५९ | ६१.८६ |

## ३. कुल विनियोजन र खर्च

कुल विनियोजन : १०९४४००००

कुल खर्च : ५३१८४०००

खर्च प्रतिशत : ४८.५९%

प्रति पालिका हाल भएको खर्चको अनुपातमा हुनसक्ने कुल अनुमानित खर्च प्रतिशत : ६१.८६ %

**निष्कर्ष:** आ. व. २०७९/८० को संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन स्थिति सन्तोषजनक रहेको देखिन्छ। स्थानीय तहहरुमा दक्ष प्राविधिक जनशक्ति र कार्याक्रम कार्यान्वयन कार्यविधि सरल बनाई समयमै प्रदान गर्न सक्दा कार्यक्रमको प्रभावकारिता अझै बढ्ने र खर्च प्रतिशत बृद्धि हुन सक्ने देखिन्छ। प्रदेश र स्थानीय तहहरुमा निरन्तर समन्वय र पृष्ठपोषणका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा प्रदेश तथा स्थानीय तह समन्वय शाखा सिर्जना गर्नुपर्ने आवश्यक्ता रहेको छ। त्यसैगरी संघीय सशर्त अनुदानका कार्यक्रमहरुको औचित्य पुष्टि हुनेगरि कार्यक्रम कार्यान्वयनका शर्तहरुमा स्पष्टता आवश्यक देखिन्छ।